म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४ बिहीबार १८ साउन २०८० ने. सं. ११४३ अनलागा 3 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एनआरएनए घानाको अध्यक्षमा सुवेदी

हेटौंडा, १७ साउन/गैरआवासीय नेपाली संघ (एनआरएनए) घानाको अध्यक्षमा हेटौंडाका विकास सुवेदी चयन भएका छन् । आइतबार घानाको आक्रामा सम्पन्न वार्षिक साधारणसभाले सुवेदीलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । संघको उपाध्यक्ष सुनिलकुमार चौधरी, महिला उपाध्यक्ष धनु पाठक, महासचिव महादेवप्रसाद पाण्डे, सचिव भ्रुगबहादुर थापा, कोषाध्यक्ष सुमित शर्मा, सहकोषाध्यक्ष रमेश बराल, महिला संयोजक कविता नेपाली र युवा संयोजक सुरज रोकामगर चयन भएका छन् । यसैगरी, सदस्यहरुमा सुष्मा चौधरी, उमानन्द खरेल, गंगादेवी ढकाल, सद्दाम हुसेन अन्सारी र वसन्त बिके निर्वाचित भएका छन् भने वरिष्ठ सल्लाहकारमा दिनेशकुमार पाण्डेय, होमबहादुर बुढामगर, डा. शिवशंकर प्रसाद साह र भानु पाठक चयन भएको अध्यक्ष सुवेदीले जानकारी दिए । उनका अनुसार पश्चिम अफ्रिकाको घानामा करिब एक सय नेपालीहरु रहेका छन् । अध्यक्ष सुवेदीले यहाँ कर्मथलो बनाएर काम गर्दै आएका नेपालीहरुको समस्यामा हातेमालो गर्दै समाधानका काम गर्ने बताए ।

हेटौंडाको सडक विस्तार

# २९८ घरको कबुलियतनामा: अतिक्रमण स्वीकार, उजुरबाजुर नगर्ने सर्तमा नक्सा पास

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ हेटौंडा उपमहानगरपालिका (तत्कालीन नगर पञ्चायत र ०४६ पछिको नगरपालिका)सँग राज्यले चाहेको बखत सडक विस्तारका क्रममा आफ्नो संरचना भत्काइदिने लिखितम सहमति गरेको खुलेको छ ।

हालसम्म उपमहानगर पालिकाले २ सय ९८ घरधुरीको राज्यले चाहेको बेला सडक विस्तारका लागि आफ्नो संरचना भत्काइदिने कबुलियतनामा गरेको कागजात सुरक्षित रहेको जनाएको हो । कतिपयले नक्सा पास नै नगरेकाले उनीहरुको कबुलियतनामा भने फेला परेको छैन । उपमहानगरको नक्सा शाखामा रहेको अभिलेखअनुसार २ सय ९८ जनाको घरलगायतका व्यावसायिक प्रयोजनका संरचनाले सडक अधिकार क्षेत्र कति मिचेको, सडक विस्तार गर्दा कति क्षेत्र दिनुपर्ने ?, सडक विस्तारको क्रममा जग्गा छोड्दा के गर्नुपर्ने र के गर्न नहुने सर्तसहितको कबुलियतनामा साझाकुरा दैनिकले फेला पारेको हो ।

तत्कालीन समयमा नै सडक सीमाक्षेत्र तोकिएको र घर धनीले सडक अधिकार क्षेत्रभित्र नै संरचना बनाएको स्वीकारोक्ति कबुलियतनामाबाट खुल्छ । घर धनीले सडक क्षेत्र मिचेर संरचना बनाएको स्वीकार गरी सडक विस्तार गर्दा आफैंले भत्काइदिने र कहीं, कतै र कुनै उजुरबाजुर नगर्ने सर्तमा कबुलियतनामा हस्ताक्षर र औंठा छाप गरेको तथ्य कबुलियतनामा छ । कबुलियतनामा हेर्दा घरधनीले सडक सीमा क्षेत्रभित्रै संरचना बनाइसकेकाले तत्कालीन अवस्थामा नै संरचना भत्काउनुपर्नेमा त्यतिबेला सुविधा दिएर कबुलियतनामा गराएको देखिन्छ ।

घर बनाइसकेपछि भत्काइहाल्नु मानवीय दृष्टिकोणले उचित नहुने देखिएपछि कबुलियतनामा गराएर राज्यले चाहेको बेला दिनुपर्ने सर्त गराइएको कबुलियतनामाको भाष्य थियो । नेपालमा सडक ऐन जारी हुनुपूर्व नै हेटौंडाको मेनरोडको सडक संरचना फराकिलो रहेको थियो । २०२८ मा तत्कालीन राजा महेन्द्रले नवलपरासीमा पूर्वपश्चिम राजमार्ग सिलान्यास गर्दैगर्दा रक्सौल-काठमाडौं त्रिभुवन राजपथ संचालनमै थियो । २०३१ मा जारी सडक ऐनले राष्ट्रिय राजमार्गको केन्द्रबिन्दुबाट दायाँबायाँ २५/२५ मिटर क्षेत्राधिार कायम भएको थियो ।

विभिन्न मितिमा घर, व्यावसायिक भवनलगायतका अन्य व्यावसायिक प्रयोजनका संरचनाको नक्सा पास गर्दा राज्यले चाहेको बखत निर्माण गरिएका संरचना हटाइदिने कबुलियतनामा २ सय ९८ जनाले गरेको फेला परेको उपमहानगरपालिका स्रोतले जानकारी दिएको छ । सडक अधिकार क्षेत्र र सेडब्याकसम्बन्धी कबुलियतनामा गर्नेमा राज्यको पूर्वपदाधिकारी, राजनीतिज्ञदेखि निजी क्षेत्रको ठूलो संस्था मकवानपुर उद्योग वाणिज्य संघलगायतका निकायमा नेतृत्वदायी भूमिका निर्वाह गरेका व्यक्तित्वसमेत छन् । घरधनीहरुले कबुलियतनामा मुआब्जा माग गरेर 'कहीं कतै कुनै उजुरबाजुर' नगर्ने सर्तसहित नक्सा पास लिएका थिए ।



कबुलियतनामा गर्दा घर धनीहरुको कित्ता नम्बर, सडक ऐनले तोकेको सडक अधिकार क्षेत्रको नापजाँच, सडक विस्तार हुँदा छोड्नु पर्ने क्षेत्रफल स्पष्टसँग तोकिएको छ । कबुलियतनामा गर्नेमा उद्योगी तथा व्यवसायी उत्तम शर्मा ढकाल पनि हुन् । मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा हेटौंडा बसोबास संरक्षण समितिका सहसंयोजकसमेत रहेका ढकालले ४ नम्बर वडाको मेनरोडमा उत्तरतर्फ आफ्नै जग्गा र पश्चिमतर्फ महेन्द्र राजमार्ग रहेको क्षेत्रमा घर बनाउँदा सडक क्षेत्र मिचेको कबुलियतनामा स्वीकार गरेका छन् । घर, पर्खालको नक्सा पेश गर्दा चौहद्दीमध्येको पश्चिमतर्फ राजमार्गमा ३१ मिटर छोडेर घर बनाउनुपर्नेमा सो नभएको भन्दै कबुलियतनामा गरेको देखिएको छ । उनले कबुलियतना गरेर संरचना आफैं भत्काउने र उजुर बाजुर कतै नगर्ने सर्तमा नक्सा पास लिएका थिए ।

तर, उनै ढकालले सर्वोच्च अदालतमा मुआब्जा माग गर्दै मुद्दा दायर गरेको स्वीकार गरेका छन् । 'मैले कबुलियतनामा गरेको पनि हो । मुद्दा दायर पनि गरेको छु-', ढकालले भने । सर्वोच्च अदालतको २०७८ सालको फैसलाअनुसार मानवीय दृष्टिकोणले क्षतिपूर्ति दिनु भनेकाले मुद्दा दायर गरेको उनको भनाई छ । सर्वोच्चमा मुद्दा दायर गर्नेमा ढकाल मात्रै छैनन, करिब साढे ३ सय जनाले सडक विस्तार गर्दा मुआब्जा र क्षतिपूर्ति माग गरेर रिट दायर गरेको उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा महासंघका केन्द्रीय सदस्य कृष्ण कटुवालले बताए ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री तथा हेटौंडाका तत्कालीन मेयर डोरमणि पौडेलको ४ नम्बर वडास्थित उत्तरमा स्कुलरोड र पश्चिमततर्फ सडक क्षेत्र भएको घर पनि महेन्द्र राजमार्गको सडक अधिकार क्षेत्रभित्र परेकाले राज्यले चाहँदा भत्काइदिने कबुलियतनामाबाट खुल्छ । उनका छोरा नवीन पौडेलको नाममा घर छ । उनले राज्यले चाहेको बखत संरचना आफैं भत्काएर कतै उजुरबाजुर नगर्ने सर्तमा मञ्जुर हुँदै कबुलियतनामामा हस्ताक्षर र औंठा छाप लगाएका छन् । पौडेलले भने मुद्दा हाले/नहालेको खुल्न सकेन । पूर्वमुख्यमन्त्री पौडेलले भने आफ्नो घर राज्यले चाहेको बखत भत्काउन तयार भएको सञ्चारमाध्यममा बताउँदै आएका छन् ।

उपमहानगरपालिकासँग कबुलियतनामा गर्नेमा इतिहास खोजकर्ता र पुराना सञ्चारउद्यमी केदारप्रसाद न्यौपानेसमेत छन् । हेटौंडा-१० राप्तिरोडमा सडक अधिकार क्षेत्रभित्र घर बनाएपछि नक्सा पास गर्दा राज्यले चाहेको बेला आफैं भत्काइदिने सहमति गरेको खुलेको छ । न्यौपानेले कतै, कुनै उजुरबाजुर नगर्ने सर्तमा पनि मञ्जुर भएका छन् । तर, सर्वोच्च अदालतमा मुआब्जा मागेर मुद्दा हालेको उनका छोरा माधव न्यौपानेले बताए । राप्तिरोडका विजयलाल जोशीको पनि कबुलियतनामा रहेको हेटौंडा उपमहानगरपालिका स्रोतले जानकारी दिएको छ । जोशी उनै हुन्, जसको रिटले सर्वोच्च अदालतबाट तत्काल सडक विस्तार नगर्न अल्पकालीन आदेश जारी हुनुका साथै छलफलका लागि १६ गते बेलाइएको थियो । तर, १६ गते मुद्दा हेर्न नमिल्नेमा परेर २१ गतेलाई पेशी सरेको छ ।

हेटौंडा उपमहानगर पालिकाको रातोमाटेदेखि राप्तिपुलसम्म राष्ट्रिय राजमार्गमा पर्ने अतिक्रमित संरचना हटाएर सडक विस्तार गर्ने सडक डिभिजन हेटौंडाको सूचनाको ३५ दिने म्याद १५ साउनबाट सकिएको छ । तर, सडक विस्तार कार्य अगाडि बढ्न सकेको छैन । तर, राजमार्ग क्षेत्रमा रहेका घर धनीले मुआब्जा माग्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सडक विस्तार कार्य अगाडि बढ्न नसकेको हो । सर्वोच्च अदालतका न्यायधीश अनिलकुमार सिन्हाको एकल इजलाशले गत मंगलबार अल्पकालीन आदेश जारी गरेसँगै तत्काललाई सडक विस्तार रोकिन पुगेको हो । अब सर्वोच्च अदालतबाट मुद्दाको किनारा नलागेसम्म सडक विस्तार हुने देखिँदैन ।

हेटौंडामा यसअघि २०७३ साल पुस १४ गते बजार क्षेत्रमा पहिलो पटक सडक विस्तारका लागि डोजर चलेको थियो । त्यतिबेला समयमा मनहरीदेखि राप्तीरोडसम्मका घर टहरामा डोजर चलेको थियो । तर, सडक डिभिजनको डोजर मुख्यबजार क्षेत्रको राप्तीरोडमा रहेको नेपाल टेलिकमदेखि अगाडि बढ्न खोज्दा घरधनी र व्यवसायीको आन्दोलन चर्किंदा प्रहरी र स्थानीयको झडपसँगै सडक विस्तार रोकिन पुग्यो । सर्वोच्चले अन्तरिम आदेश दिँदै तत्काललाई घर भत्काउन रोकेपछि २०७३ सालको सूचना अन्यौलमा पऱ्यो । २०७३ सालमै ३ सय ४१ वटा मुद्दाको सुनुवाई पछि सर्वोच्चले सडक विस्तारका लागि २५ गज क्षेत्र (करिव २३ मिटर) प्रचलित कानुनअनुसार विस्तार गर्न फैसला गरेको थियो ।

## युवा संघको जिल्ला अधिवेशन तोकियो

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ राष्ट्रिय युवा संघ नेपालको ४ महिने अभियानअन्तर्गत हेटौंडामा संघको मकवानपुर जिल्ला कमिटीको पदाधिकारी बैठक सम्पन्न भएको छ। संघका केन्द्रीय उपाध्यक्ष एवं बागमती प्रदेश उत्प्रेरक सीता सुबेदीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

बैठकमा संघका सचिव जय गुरुङको विशेष आतिथ्यता, नेकपा एमाले पार्टी जनसंगठन समन्वय संयन्त्रका सहइन्चार्जद्वय आरती पाठक, रमिला सापकोटा, एमाले मकवानपुरका युवा इन्चार्ज सन्तोष चौलागाईं, संघका हेटौंडा उपमहानगर इन्चार्ज निरोज पौडेल, बागमती प्रदेश कमिटीका कोषाध्यक्ष नरेन्द्र भण्डारीलगायतको उपस्थिति थियो।

बैठकले आउँदो असोजको १३ र १४ गते जिल्ला अधिवेशन गर्ने निर्णय गरेको छ । अधिवेशन सम्पन्न गर्न बाँकी रहेका मकवानपुरका ८ वटा पालिकामा भाद्र १५ सम्म अधिवेशन सम्पन्न गरीसक्ने निर्णय गरिएको छ । एक पालिका एक रचनात्मक अभियान संचालन गर्ने, 'संरक्षण प्रकृतिको, सुरक्षा सन्ततिको' एक युवा, पाँच बिरुवा राष्ट्रिय अभियान, पालिकास्तरीय प्रशिक्षण सञ्चालन गर्ने, १६ देखि २४ वर्ष उमेरका युवालाई संगठनको सदस्यता वितरण गर्ने लगायत अभियान सञ्चालन गरिने भएको छ ।



नोट : यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा संचालन गरिएको सहर्ष जानकारी गराइन्छ ।



साझाकुरा

## हाम्रो कुरा

# निराशाजनक निर्यात व्यापार

मकवानपुरबाट भारत तथा तेस्रो मुलुकमा हुँदै आएको निर्यात व्यापारमा लगारतार गिरावट आएको छ । तेस्रो मुलुकमा हुने निर्यात ठप्पै भएको छ । थोरै उद्योगले मात्र निर्यात व्यापार गरिरहेका छन् । हेटौंडा औद्योगिक क्षेत्रमा रहेका औद्योगिक प्रतिष्ठानले बस्तु उत्पादनमा भन्दा ट्रेडिङ व्यवसायतर्फ उन्मुख भएका कारण निर्यात ब्यापार निराशाजनक भएको हो । सरकारले उत्पादन गर्ने उद्योगलाई बढी कर लगाउने र भारतीय बजारबाट तयारी बस्तु ल्याएर मार्केटिङ गर्ने उद्यागलाई प्राथमिकता दिने खालको नीति बनाएका कारण निर्यात भन्दा आयात सहज बन्दै गएको छ । बिगतमा बालाजी नेचुरल इण्डष्ट्रिजले लोठसल्लाको प्रशोधन गरी टेक्सास बोकाटालगायतका औषधिजन्य बस्तु निर्यात गरेको थियो तर, अहिले यो पनि बन्द भएको छ । निर्यातजन्य बस्तु उत्पादन गर्ने व्यवसाय चुनौतीपूर्ण बन्दै गएको उद्योग संघले जानकारी दिएको छ । एक दसक अघि मकवानपुरका २५ वटा निर्यातमूलक उद्योग थिए । आव २०७०/७१ ताका मकवानपुरबाट निर्यात गर्ने उद्योगको संख्या २७ वटा थिए । युनिलिभर नेपाल लि., एशियन पेन्ट्स प्रालि., अन्टार्टिक बिस्कुट ईण्डस्ट्रीज प्रालि. जस्ता बहुराष्ट्रिय उद्योगले एक दसकदेखि निर्यात ब्यापार गरेका छैनन् ।

मुलुककै ठुला औद्योगिक क्षेत्र रहेको हेटौंडाले भारतलगायत तेस्रो मुलुकमा गर्ने निर्यात व्यापारमा अपेक्षाकृत प्रगति गर्न सकेको छैन । मुलुकको ब्यापारघाटाको ग्राफ निरन्तर उकालो लाग्दा निर्यातमा भने हरेक वर्ष खुम्चिएको छ । हेटौंडा औद्योगिक क्षेत्रभित्र मात्रै सयभन्दा बढी उद्योगका साथै बहुराष्ट्रिय कम्पनीहरुले औद्योगिक उत्पादन गरिरहे पनि उत्पादित सामग्री निर्यातको अवस्था भने निराशाजनक रहेको छ । निर्यातजन्य वस्तुका लागि मकवानपुर उद्योग वाणिज्य संघले जारी गर्ने उत्पत्तिको प्रमाणपत्र (सीइओ) का आधारमा निर्यात ब्यापार निरन्तर ओरालो लागेको देखिएको हो । आर्थिक वर्ष २०७९/८० मा मकवानपुरबाट भारतलगायत तेस्रो मुलुकमा करिब साढे ६६ करोड रुपैयाँ मात्रको सामान निर्यात भएको पाइएको छ । हेटौंडामा सञ्चालित ५ वटा उद्योगले बितेको आर्थिक वर्षमा ६६ करोड ४८ लाख ७९ हजार रुपैयाँ बराबरको सामग्री भारत, बंगलादेश र अष्ट्रेलिया निर्यात गरेको तथ्यांक छ । आव २०७८/७९ मा ४ वटा उद्योगले ३ अर्ब ४ करोड रुपैयाँको औद्योगिक उत्पादन निर्यात गरेकोमा बितेको आवमा निर्यातमा भारी गिरावट आएको हो । आव २०७८/७९ मा एक अर्ब ४२ करोड ६८ हजार रुपैयाँको सामान निर्यात गरेको गोदावरी पोलिप्याक्स एण्ड फेब्रिक प्रालिको निर्यात गतवर्ष ७२ लाखमा खुम्चिएको छ । त्यस्तै आव ०७८/७९ मा एक अर्ब २९ करोड ५० लाख रुपैयाँको सामान निर्माण गरेको हिमालय कत्था उद्योगको निर्यात पनि बितेको आव ०७९/०८० मा १७ करोड ८२ लाख रुपैयाँमा झरेको पाइएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघको तथ्यांकअनुसार बितेको केही वर्षयता विदेश निर्यात ठप्प भएको नेपाल इकरात इन्जिनियरिङ कम्पनी प्रालिले बितेको आर्थिक वर्षमा १४ करोड ५ लाख रुपैयाँको ट्रान्सफर्मर भारत र भुटानमा निर्यात गरेको छ । स्थानीय जडिबुटीको प्रयोग गरी क्यान्सरको औषधि उत्पादन गर्ने इभान्स लाईफ साइन्सेस प्रालिले बितेको वर्ष निर्यात वृद्धि गरी २ करोड रुपैयाँ पुऱ्याएको छ । आव २०७८/७९ मा यो कम्पनीले १९ लाख २० हजार रुपैयाँ बराबरको सामग्री निर्यात गरेको थियो । बितेको वर्षबाट खजुरी नेपाल प्रालिले पनि भारतमा आफ्ना उत्पादन परीक्षणको रुपमा निर्यात सुरु गरेको छ । कम्पनीले बितेको वर्ष एक लाख ५६ हजार रुपैयाँको बिस्कुटजन्य सामग्री निर्यात गरेको मकवानपुर उद्योग वाणिज्य संघको तथ्यांकमा उल्लेख गरिएको छ । मकवानपुरमा भएका बहुराष्ट्रिय कम्पनीहरुले पनि आफ्नो उत्पादन नेपालमै सीमित गर्नु र धेरै उद्योगहरु बन्द हुनुका कारणले पनि मकवानपुरको निर्यात व्यापारमा कमी आएको मकवानपुर उद्योग वाणिज्य संघले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन १९ गते शुक्रबार ४ अगष्ट २०२३ । तृतीया, अधिक श्रावण कृष्णपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२९, सूर्यास्त ६:४९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिककार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# संघीयताको सबलीकरणका लागि 'वित्तीय संघीयता'



मणिकर कार्की

गत साता विश्व बैंकले नेपालमा वित्तीय संघीयताको अवस्थाबारे एक प्रतिवेदन सार्वजनिक गऱ्यो । गौतम बुद्धको जन्मभूमि लुम्बिनीस्थित लुम्बिनी बौद्ध विश्वविद्यालयको सभाहलमा यसै क्षेत्रका स्थानीय जनप्रतिनिधि, प्रदेश सरकार एवं प्रदेश सभाका सदस्यहरू, प्राज्ञिक व्यक्तित्व एवं बुद्धिजीवी, अध्येता एवं अनुसन्धाता, राजनीतिककर्मी, सञ्चारकर्मी तथा नागरिक अगुवा लगायतको सहभागितामा वित्तीय संघीयतामा नेपालको अवस्थाबारे विस्तृत छलफल र विमर्श पनि चल्यो । सहभागीहरूले संघीयताको सफल कार्यान्वयनका लागि तल्लो तहसम्म अधिकार र वित्तीय स्रोत निक्षेपण हुनुपर्नेमा जोड दिए ।

विश्व बैंकले सार्वजनिक गरेको प्रतिवेदनमा मूलत: वित्तीय संघीयता कार्यान्वयनको सवालमा सात प्रदेशहरूको आम्दानी र खर्च विवरणमाथि तुलनात्मक अध्ययन गर्दै प्रदेश तथा स्थानीय तहको विस्तृत आर्थिक गतिविधिको तथ्याङ्कीय विश्लेषण गरिएको छ । साथै प्रतिवेदनले प्रदेशहरूको खर्च गर्न सक्ने क्षमता र आन्तरिक स्रोत परिचालनको अवस्थाबारे अध्ययन गरेको छ । जसबाट प्रदेशहरूको विद्यमान तहगत वित्तीय असन्तुलन -भर्टिकल फिस्कल इम्ब्यालेन्स) को प्रवृत्ति उजागर भएको छ ।

अध्ययन प्रतिवेदन अनुसार सन् २०२१ को आर्थिक वर्षमा प्रदेश तथा स्थानीय सरकारहरूले कुल साधारण सरकारी खर्चको १३.१ प्रतिशत खर्च गरेका छन् भने उनीहरूको कुल राजस्व योगदान केवल ३.१ प्रतिशत मात्रै रहेको छ । जसले गर्दा प्रदेश एवं स्थानीय तहको बजेट कार्यान्वयनमा ठूलो वित्तीय असन्तुलन पैदा भएको देखिन्छ । आम्दानी र खर्चको यस्तो वित्तीय अन्तर पूर्तिको माध्यम संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरण नै भएको प्रतिवेदनले औंल्याएको छ ।

त्यसो त अहिले हाम्रो संघीय प्रणालीको विशेषता र सीमितता भनेकै स्थानीय र प्रदेश सरकारको आन्तरिक स्रोतको संकुचन हो । चालु आर्थिक वर्ष २०८०/८१ का लागि सबै प्रदेशको कुल प्रादेशिक बजेट रु.२ खर्ब ७९ अर्ब ६१ करोड ९६ लाख रहेको छ । कुल बजेटमध्ये नियमित चालु खर्चतर्फ रु.१ खर्ब ३ अर्ब ७४ करोड ४३ लाख अर्थात् ३७.१ प्रतिशत र पूँजीगत खर्चतर्फ रु.१ खर्ब ६६ अर्ब ८६ करोड १ लाख अर्थात् ५९.७ प्रतिशत छुट्याइएको छ । बाँकी बजेट भने वित्तीय व्यवस्थापनतर्फ स्थानीय तहलाई वित्तीय हस्तान्तरणका लागि छुट्याइएको छ ।

तर, विनियोजित बजेट अनुसारको खर्च गर्ने स्रोतको रूपमा प्रदेशहरूको कुल आन्तरिक राजस्व संकलन भने केवल रु.२९ अर्ब ९४ करोड ६३ लाख अर्थात् कुल विनियोजित बजेटको १०.७ प्रतिशत मात्रै देखिन्छ । त्यस्तै राजस्व आम्दानीमध्ये संघीय सरकारसँगको राजस्व बाँडफाँटबाट रु.८० अर्ब अर्थात् २८.६ प्रतिशत प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

यी दुई मुख्य स्रोतबाट प्रदेशले प्राप्त गर्ने राजस्व आम्दानीको अनुमान ४० प्रतिशत पनि पुगेको छैन । त्यसैले प्रदेशहरूको कुल विनियोजित बजेटका ६० प्रतिशतभन्दा बढी हिस्सा संघीय सरकारको वित्तीय अनुदानमै निर्भर र हनुपर्ने बाध्यात्मक अवस्था विद्यमान रहेको छ । स्थानीय तहहरूको आन्तरिक स्रोतको अवस्था पनि उस्तै छ । यसर्थ, स्रोतमा देखा परेको संकुचन नै प्रदेशको मुख्य कठिनाइ बन्न पुगेको छ ।

**संघीयता किन ?**

संभवत: यही न्यून स्रोतको अवस्था र बढ्दै गएको प्रशासनिक खर्चबीच उत्पन्न विरोधाभासकै कारण अहिले संघीयताप्रति नै टिप्पणी सुनिन थालेको छ । सार्वजनिक भूमिकामा रहेका समाजका बुद्धिजीवी एवं प्रबुद्ध व्यक्तिहरू नै प्रादेशिक संरचनामाथि प्रश्न गर्न थालेका छन् । यदाकदा प्रदेश संरचनारहित दुई तहको संघीयता लागू गरौं भन्ने दृष्टिकोण पनि सार्वजनिक हुन थालेको छ । तर, ती टिप्पणीकर्ताहरूले संघीय प्रणाली स्थापना गर्नका लागि गरिएको संघर्ष र व्यवस्थामा हठात् गरिने परिवर्तनले निम्त्याउन सक्ने विपत्तिको जोखिमलाई भने पूराका पूर नजरअन्दाज गरेका छन् । तिनले 'पपुलिस्ट' शैलीमा प्रतिक्रियाको रोटी सेक्ने काम मात्रै गरेका छन् ।

प्रादेशिक संरचना बेगरको संघीयता भन्नु संघीयता नमान्नु नै हो । किनकि कुनै पनि संघीय मुलुकको प्रादेशिक वा राज्यस्तरीय संरचनाले नै त्यस देशको संघीयताको औचित्य पुष्टि गरेको हुन्छ । संघीयताको सामान्य सिद्धान्त अनुसार संघीयता निर्माणका दुई प्रक्रिया छन् । ती हुन्- फरक-फरक राज्यहरू जोडिएर संघ बन्ने प्रक्रिया -कमिङ टुगेदर) र एउटा संघीय राज्यमा भएका फरक विशेषता सम्बोधित हुँदै विविधताबीच एकता खोज्दै एकीकृत स्वरूपमा संघ बन्ने प्रक्रिया (होल्डिङ टुगेदर) । हाम्रो संघीयता होल्डिङ टुगेदर प्रकृतिको हो । यहाँ फरक जाति, भाषा, संस्कृति र इतिहास भएका फरक-फरक समुदायहरूबीच संघीय राष्ट्र निर्माण गरिंदैछ ।

यसर्थ, नेपालमा संघीयता आवश्यक पर्नुको मुख्य दुई कारण छन् । पहिलो, यो देश ऐतिहासिक रूपमा फरक-फरक जाति, भाषा, संस्कृति र इतिहास भएका समुदायका मानिसहरूको साझा थलो हो । इतिहासको निकै लामो कालखण्डमा ती जातीय, भाषिक, सांस्कृतिक एवं ऐतिहासिक रूपले फरक समुदायको आफ्नो पहिचान लुप्त हुन पुग्यो । मुलुकको एकात्मक केन्द्रीकृत राजतन्त्रात्मक शासन व्यवस्थामा ती समुदायका पहिचान स्थापित हुन सकेन । तिनका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारहरू कुण्ठित भए । तिनले आफ्नो मातृभूमिप्रति गर्व गर्न पाएनन् ।

आफ्नै पहिचानजनित देशभक्ति प्रदर्शन गर्न पाएनन् । ती इतिहासको निकै लामो कालखण्ड बहिष्करणमा परे । त्यसैले ती सबै जाति, भाषा र समुदायका जनतालाई समान हक, अधिकार र पहिचान दिंदै उनीहरूलाई राज्य संयन्त्रमा जनसांख्यिकीय अनुपातमा हिस्सेदारी दिने उद्देश्यका साथ संघीय शासनको परिकल्पना गरिएको हो । जसबाट ती पिछडिएका वर्ग, क्षेत्र, लिंग, जाति, भाषा, संस्कृति र धर्मका नागरिकहरूलाई राज्यका अवयवहरूमा समावेशी एवं समानुपातिक प्रतिनिधित्व गराउने र तल्लो तहसम्म अधिकारको निक्षेपण गर्नका लागि संघीयताको उठान भएको हो ।

दोस्रो, मुलुकमा विद्यमान एकात्मक केन्द्रीकृत शासन प्रणालीले मुलुकको सन्तुलित विकास हुन सकेन । स्रोतसाधनको परिचालन असमान भयो । केन्द्रीय राज्य संयन्त्रमा सहज पहुँच र प्रभाव हुने क्षेत्र र समुदाय सधैं लाभान्वित हुने तर, अन्य सीमान्तकृत समुदाय सधैं पछाडि पर्ने अवस्था कायम रफयो । जसका कारण मुलुकको समतामूलक विकास हुन सकेन ।

केन्द्रीकृत राज्य प्रणालीकै कारण काठमाडौं र केही ठूला शहरहरूमा स्रोत-साधन थन्किने तर, दूरदराजका जनता भने सधैंको अभाव र उत्पीडनमा बाँच्नुपर्ने विरोधाभासपूर्ण परिस्थिति निर्माण हुनगयो । त्यसैले विकेन्द्रीकरणले नपुगेर आर्थिक तथा राजनीतिक अधिकारको संवैधानिक निक्षेपणका लागि संघीयतालाई अंगीकार गरियो, जसमा उपलब्ध स्रोत-साधनको उपयोग स्थानीय आवश्यकता अनुसार हुन्छ । स्रोतको उपयोगिताको सवालमा पहिलो पहुँच स्थानीय रैथानेहरूकै हुन्छ ।

त्यसैले संघीयतासँग राज्य पुनर्संरचनाको आवश्यकता जोडिएर आउँछ । कतिपय मानिस संघीयतालाई विकेन्द्रीकरणको पर्याय ठान्छन् र उनीहरू विकेन्द्रीकरणलाई नै समावेशी विकासको आधार मान्दछन् । तर, विकेन्द्रीकरण र संघीयतामा निकै ठूलो अन्तर छ । विकेन्द्रीकरण केवल केन्द्रसँग रहेको आर्थिक तथा राजनीतिक अधिकार तल्लो तहसम्म प्रत्यायोजन गर्ने प्रक्रिया मात्रै हो । संघीयताले आर्थिक तथा राजनीतिक अधिकार तहगत रूपमा रहेका सरकारहरूसँग बाँडफाँट गर्दछ । यसमा अधिकार र स्रोतसाधनको बाँडफाँटको संवैधानिक व्यवस्था गरिएको हुन्छ र एकपटक व्यवस्था भइसकेपछि संविधानत: सो व्यवस्था रहेसम्म केन्द्रले अधिकार फिर्ता लिने अवस्था रहँदैन ।

केन्द्रीकृत राज्यलाई विकेन्द्रीकृत गर्ने र राज्यमा सबैको पहुँच स्थापित गर्ने उद्देश्यले संघीयता लागू गरिएको हो । तर, संघीयता कार्यान्वयनका क्रममा यसको आवश्यकताको ऐतिहासिक बोधलाई सम्बोधन नगरी राज्यको पुनर्संरचना गर्दा समस्या उत्पन्न भएको छ । हामीले जसरी संघीय स्वरूप निर्धारण गरेका छौं, त्यो सिद्धान्तमा आधारित भन्दा पनि केही दल र तिनका नेताहरूको तजबिजी निर्णयमा आधारित छ । यसले संघीयताको मर्म र भावनालाई नै डाइल्यूट गरिदिएको छ । परिणाम अहिले संघीयता सकसमा परेको छ । त्यसैले यो सकसबाट पार पाउँदै संघीयताको सफल कार्यान्वयनका लागि वित्तीय संघीयतालाई व्यवहारमा उतार्नु जरूरी छ ।

**वित्तीय संघीयताका आधार**

संघीयताको मर्म अनुरूप आम जनतामा आर्थिक र वित्तीय पहुँच पुऱ्याउनु नै वित्तीय संघीयताको उद्देश्य हो । तहगत रूपमा व्यवस्था गरिएका सरकारहरूबीच संवैधानिक रूपमा स्रोतसाधनको बाँडफाँट र खर्च गर्ने अधिकारको प्रत्यायोजन नै वित्तीय संघीयताको मूल मर्म हो । यसबाट तहगत रूपमा सरकारको कार्यसम्पादन प्रभावकारी हुने, स्रोतसाधनको प्रयोग मितव्ययी हुने, निर्णय प्रक्रियामा जनसहभागिता सुनिश्चित हुने, राज्यप्रति नागरिकको निगरानी बढ्ने तथा आर्थिक पारदर्शिता कायम रही सुशासन अभिवृद्धि हुने हुँदा संघीय प्रणालीमा वित्तीय संघीयता अपरिहार्य रहन्छ ।

जसरी संघीय शासनप्रणाली मार्फत हामी मुलुकको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक रूपान्तरण गर्न प्रयत्नरत छौं त्यसैगरी मुलुकको समतामूलक विकास, समृद्धि एवं जनताको प्रगति र उन्नतिका लागि वित्तीय संघीयता अपरिहार्य छ भन्ने कुरा सुझबुझमा आउन जरूरी छ । वित्तीय संघीयताले राज्यका विभिन्न तहमा वित्तीय स्रोत-साधनको विभाजन एवं साझेदारीको प्रश्नलाई हल गर्दछ । यसले तहगत रूपमा राज्यका अंगहरूले संकलन गर्ने वित्तीय स्रोत र तिनको परिचालनलाई कसरी बढीभन्दा बढी जनमुखी बनाउन सकिन्छ ? कसरी वित्तीय स्रोतको संकलन र परिचालनको सन्तुलन मिलाउन सकिन्छ ? भन्ने जस्ता विषय निरुपण गर्दछ ।

संघीयताको कार्यान्वयन गर्ने क्रममा राज्यको पुनर्संरचनाको मात्र कुरा आउँदैन, त्यसमा मुख्यगरी वित्तीय स्रोत र साधनहरूको बाँडफाँटको विषय पनि टड्कारो रूपमा प्रकट हुन जान्छ । अझ स्रोतको बाँडफाँट त त्यसको केन्द्रीय विषय नै हो । यसर्थ, वित्तीय संघीयताको सफल अभ्यासले मात्रै संघीय प्रणाली स्थापित हुन्छ । वित्तीय संघीयताले जहाँ स्रोत-साधनको सिर्जना हुन्छ, त्यसको उपयोगको अग्राधिकार पनि त्यहीं हुनुपर्छ भन्ने मान्यता राख्दछ ।

मूलत: वित्तीय संघीयताका चार आधार छन्, जसलाई वित्तीय संघीयताको स्तम्भ भनिन्छ । पहिलो आधार हो, राजस्व परिचालनको अधिकार । यो राजस्व र आर्थिक स्रोतको पहिचान र परिचालनसँग सम्बन्धित रहेको हुन्छ । वित्तीय संघीयतामा राज्यका सबै तहलाई संवैधानिक रूपमा आर्थिक स्रोत परिचालनको अधिकार रहन्छ । यस्तो अधिकार मुलुकको संविधान र ऐन कानुनले व्यवस्था गरेको हुन्छ । वित्तीय संघीयतालाई सफल रूपले कार्यान्वयन गर्नका लागि तल्लो तहहरूमा बढी अधिकार स्थापित गर्नुपर्दछ । किनकि स्रोतको उत्पत्ति हुने तहमै परिचालनको अधिकार भयो भने मात्रै त्यसले समतामूलक विकास सम्भव हुनेछ ।

दोस्रो आधार हो, खर्च विभाजनको अधिकार । स्रोतको संकलनसँगै खर्च विभाजनको अधिकार पनि अन्तरनिहित रहेको हुन्छ । तल्लो तहका इकाइहरूलाई उत्तरदायी र जिम्मेवार बनाउनको लागि खर्च गर्ने अधिकार पनि दिइनुपर्दछ । किनकि राज्यको तल्लो इकाइ नै जनतासँग दैनिक जोडिने इकाइ हो । यो इकाइ नै प्रत्यक्ष रूपमा नागरिकको निगरानीमा रहने हुँदा खर्चप्रति मितव्ययी हुने सम्भावना रहन्छ । त्यसैले खर्च विभाजनको अधिकारले नै राज्यका तल्लो इकाइहरू बलिया, पारदर्शी र जवाफदेही हुनेछन् ।

तेस्रो आधार हो, वित्तीय हस्तान्तरण । वित्तीय हस्तान्तरण सरकारको एक इकाइबाट अर्को इकाइमा हुने वित्तीय स्थानान्तरण हो । यस्तो स्थानान्तरण फरक-फरक तहको सरकार बीच तहगत -भर्टिकल) र समान तहको सरकार बीच समतलीय -होराइजेन्टल) हुने गर्दछ । नेपालको वित्तीय संघीयतामा संघीय सरकारले प्रदेश तथा स्थानीय तहहरूलाई र प्रदेश सरकारले स्थानीय तहहरूलाई तहगत (भर्टिकल) वित्तीय हस्तान्तरण गर्ने गर्दछ भने समतलीय-होराइजेन्टल) वित्तीय स्थानान्तरणको अभ्यास भएको देखिंदैन ।

खासगरी प्रदेश र स्थानीय तहहरूको आन्तरिक राजस्व संकलन र परिचालन न्यून भएकोले विभिन्न प्रकृतिका अनुदान र वित्तीय हस्तान्तरणबाट नै प्रदेश र स्थानीय तहले आफ्नो खर्च व्यवस्थापन गर्ने गरेका छन् । चालु आर्थिक वर्षका लागि संघीय सरकारबाट प्रदेशहरूमा भएको कुल वित्तीय हस्तान्तरण प्रदेशहरूको कुल बजेटको ६० प्रतिशत बढी रहेको देखिन्छ ।

चौथो आधार हो, सह-राष्ट्रिय आन्तरिक ऋण । यो ऋण प्रदेश तथा स्थानीय तहहरूले आफ्नो वित्तीय व्यवस्थापनका लागि बजारबाट उठाउने सार्वजनिक ऋण हो । संघीयतामा स्थानीय तथा प्रदेश सरकारहरू स्वायत्त हुने हुँदा उनीहरूले वित्तीय व्यवस्थापनका लागि बजारबाट अल्पकालीन तथा दीर्घकालीन आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था हुन्छ । तर, प्रदेश सरकारहरूले बजेट मार्फत आन्तरिक ऋण उठाउने घोषणा गरे पनि अझै कार्यान्वयनमा आएको देखिंदैन ।

यसर्थ, वित्तीय संघीयताका यी आधारहरूलाई नियाल्दा नेपालमा वित्तीय संघीयता कार्यान्वयनका लागि राजस्व परिचालनको सबैभन्दा बढी हिस्सा संघीय सरकारबाट हुने वित्तीय हस्तान्तरण नै हुने गरेको देखिन्छ । त्यसैले यो परनिर्भर वित्तीय स्रोतको प्रवृत्तिलाई बदल्नु अति आवश्यक देखिन्छ ।

त्यसो त वित्तीय हस्तान्तरणको मुख्य उद्देश्य स्रोतसाधन अपुग हुने प्रदेश तथा स्थानीय तहहरूलाई समन्यायिक वितरणको सिद्धान्त अनुरूप आधारभूत क्षेत्रमा खर्च गर्नका लागि वित्तीय स्रोत उपलब्ध गराउनु हो । तर, यो नै सबै प्रदेश सरकार एवं स्थानीय तहहरूको स्रोत परिचालनको प्रमुख माध्यम भने होइन, हुनुहुँदैन । त्यसैले वित्तीय संघीयतालाई सफल रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय एवं प्रदेश तहमा आन्तरिक राजस्वको दायरा फराकिलो पार्दै नयाँ स्रोतको खोजी अपरिहार्य हुन आउँछ ।

यसका लागि अल्पकालीन उपायको रूपमा स्थानीय एवं प्रदेश तहमा कर प्रशासनलाई सुधार गर्ने, जनशक्तिको प्रभावकारी व्यवस्थापन गरी क्षमता अभिवृद्धि गर्ने, कर प्रणालीलाई व्यवस्थित गरी चुहावट नियन्त्रण गर्ने, कर प्रणालीको डाटाबेस तयार गरी दायरा बढाउने लगायत कार्यहरू गर्नु अति आवश्यक छ ।

त्यसैगरी मध्यकालीन एवं दीर्घकालीन उपायको रूपमा कर प्रणालीकै पुनर्संरचना गर्ने, करका आधार र दरहरू हेरफेर गर्ने, कर संकलन सम्बन्धी अधिकारको पुनर्संरचना गरी संघीय सरकारले प्रदेश तथा स्थानीय तहहरूलाई अधिकार प्रत्यायोजन गर्ने, पूर्वाधारजन्य क्षेत्रहरूको तीव्र विकास मार्फत उत्पादनमूलक क्षेत्रहरूमा लगानी अभिवृद्धि गर्ने, राजस्वका नयाँ र संभावित स्रोतहरूको पहिचान गरी लागू गर्ने, जनशक्तिमा लगानी बढाई दक्षता अभिवृद्धि गर्ने लगायत नीतिगत र कार्यगत योजनाहरू लागू गरी स्थानीय तथा प्रदेश तहको आन्तरिक स्रोत बढाउन संभावित नवीन आर्थिक स्रोत पहिचान गर्नु अपरिहार्य हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# व्यापार घाटा कहिलेदेखि कहिलेसम्म ?

सबिना वन

कुनै पनि देशको अर्थतन्त्रको भरपर्दो स्तम्भका रूपमा रहेको हुन्छ, व्यापार । आन्तरिक र बाह्य व्यापारको समष्टिगत स्वरूप नै व्यापार हो । नेपालमा बाह्य अर्थात् वैदेशिक व्यापारमा अपेक्षित निर्यात प्रवर्द्धन नहुँदा तथा आयातको हिस्सा निकै ठूलो भएकाले व्यापार घाटाको खाडल ठुलो हुँदै गएको छ । जुन चिन्ताजनक विषय छ ।

नेपालको कुल व्यापारको करिब ७० प्रतिशत हिस्सा भारत एक्लैसँग छ । तेस्रो मुलुकसँगको व्यापार पनि भारतीय भूमि प्रयोग गरेर भइरहेको छ । यसर्थ नेपालको वैदेशिक व्यापार पूर्ण रूपमा भारत निर्भर छ । चीनको नेपालसँगको व्यापारिक हिस्सा निकै सानो छ । वैदेशिक व्यापार ३९ वटा मूल भन्सार कार्यालयमार्फत हुने गरेको छ । विगतका तथ्याङ्कलाई हेर्दा आर्थिक उदारीकरणको नीति अवलम्बन गरेसँगै नेपालको वैदेशिक व्यापार उल्लेख्य परिमाणमा बढेको देखिन्छ ।

कुनै आर्थिक वर्षमा भने नेपालको व्यापार नाफामा रहेको पाइन्छ । आर्थिक वर्ष २०४६/४७ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वस्तु व्यापारको अंश २२.७ प्रतिशत रहेकामा व्यापार घाटाको अनुपात भने १२.७ प्रतिशत रहेको पाइन्छ । आव २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वस्तु व्यापारको अंश करिब ४४ प्रतिशत रहेकामा व्यापार घाटाको अनुपात करिब ३६ प्रतिशत रहेको छ । त्यस्तै, पछिल्ला ६ वटा आर्थिक वर्षको कुल व्यापारमा आयातको अंश ९० प्रतिशतभन्दा बढी पाउन सकिन्छ । समग्रमा अझै पनि दिगो र रणनीतिक तवरले व्यापार सन्तुलन कायम गर्न नसकेमा नेपालको वैदेशिक व्यापार घाटाका कारण अर्थतन्त्रमा नकारात्मक असर बढ्दै जान सक्छ ।

बढ्दो व्यापार घाटाको प्रत्यक्ष असर आर्थिक वृद्धि र रोजगारीमा पर्छ । उसो भए, अब के गर्ने त ? के व्यापार घाटा कम गर्न आयात बन्द गर्ने ? आयात बन्द गर्ने उपयुक्त विकल्प हुनै सक्दैन । किनभने स्वदेशमा उत्पादन नहुने पेट्रोलसँगै मेसिन तथा औजार लगायत केही वस्तुको आयात गर्न हामी बाध्य छौं । सबै आवश्यकताका वस्तु हामीले नै उत्पादन गर्ने पनि होइन, गर्न खोजे पनि सम्भव हुँदैन ।

वैदेशिक व्यापारको आकारमा उल्लेख्य वृद्धि भए पनि निर्यात भने सोही अनुरूपमा बढ्न सकेको छैन । कुल व्यापारमा आयात र निर्यातको हिस्सामा व्यापक फरक छ । आव ०२८/२९ मा नेपालले गरेको २६ करोड ५५ लाख मूल्य बराबरको वैदेशिक व्यापारमा १८ करोड ५९ लाख निर्यात र सात करोड १६ लाखको आयात भएको अभिलेख छ । त्यस्तै, आर्थिक वर्ष २०२९/३० मा अन्तर्राष्ट्रिय व्यापार १० प्रतिशत नाफामै रहेको पाइन्छ, त्यसपछिका आर्थिक वर्षपछि भने फराकिलो व्यापार घाटा भइरहेको छ ।

भन्सार विभागको पछिल्लो ६ वर्षको तथ्याङ्क (०७४/७५ - २०७९/८०) अनुसार, प्रमुख आयातित वस्तुमा पेटोलियम पदार्थ, सवारी-साधनका पार्टपुर्जा, अर्ध प्रशोधित फलाम तथा स्टिल, धान, चामल, सुन लगायत पर्छन् । नेपाल कृषिप्रधान मुलुक भईकन पनि धान, चामल, मकै आदि बालीप्रतिको परनिर्भता बढ्दै गएको देखिन्छ । त्यस्तै सोही तथ्यांकका आधारमा नेपालले निर्यात गर्ने प्रमुख वस्तुमा प्रशोधित तेल, अलैंची, गलैंचा, धागो, चिया, जुस, जुटका सामान रहेको छ ।

यसरी निर्यातमा महत्वपूर्ण स्थान पाम र भटमासको तेलले ओगटेको छ, जुन नेपालले उत्पादन गर्ने कृषि वस्तु होइन । आव ०७९/८० मा भटमास, पाम र सोयाबिनको कच्चापदार्थको आयातमा गिरावट आएसँगै पाम र भटमासको तेलको निर्यात घट्न गई कुल निर्यात नै घटेर १ खर्ब ५७ अर्ब पुगेको छ । जबकि २०७८/७९ मा कुल निर्यात करिब २ खर्ब थियो ।

नेपालमै उपलब्ध कच्चा पदार्थ तथा यहीं उत्पादन हुने वस्तुको निर्यात प्रवर्द्धन गर्ने कार्य कछुवाको गतिमा पाइन्छ । जस्तै : कृषिजन्य तथा जडीबुटीजन्य उत्पादनलाई उद्योगमार्फत प्रशोधित गरी तयारी वस्तु निर्यात गरी निर्यात परिणाम बढाउन त्यस्ता उद्योगलाई प्रोत्साहनयुक्त एवं लगानीमैत्री वातावरण अझै पनि बनिसकेको छैन । डाबर नेपालले जुस लगायत वस्तु त निर्यात गर्छ, तर साना परिमाणमा । त्यसैले स्वदेशी श्रम, सीप, पुँजी र कच्चा पदार्थमा आधारित उद्योग खोल्न, उत्पादन गर्न, निर्यात गर्न साँच्चिकै रणनीतिक कार्ययोजना खाँचो छ ।

*(साभार: रातोपाटी)*

# चारवर्षे स्नातक हटाउन छलफल, तीन वर्षमै फर्किने हो ?

काठमाडौं/नेपालमा स्नातक तहलाई चारवर्षे बनाइएको एक दशक पनि पूरा नहुँदै यसको औचित्यमाथि प्रश्न उठेको छ । त्रिभुवन विश्वविद्यालय र अरू केही विश्वविद्यालयका प्राध्यापक तथा शिक्षकहरूले चारवर्षे स्नातकको समीक्षा आवश्यक रहेको अभिव्यक्ति सार्वजनिक गरेर छलफलको प्रारम्भ गरेका छन् ।

२०५२ सालसम्म दुई वर्षको रहेको स्नातक तहलाई २०५३ सालदेखि २०७१ सम्म तीन वर्षको बनाइएको थियो । तर विदेशका कतिपय विश्वविद्यालयमा चारवर्षे स्नातक तह रहेको र नेपाली विद्यार्थी ती विश्वविद्यालयमा पढ्न जाँदा स्नातकमै थप एक वर्ष पढ्नुपर्ने कारण देखाएर नेपालमा २०७२ सालदेखि चारवर्षे स्नातक कार्यक्रम सुरु भएको थियो ।

मुलुककै ठूलो त्रिभुवन विश्वविद्यालयले विज्ञान, व्यवस्थापन, शिक्षा संकायमा २०७२ साददेखि र मानविकी तथा सामाजिक शास्त्र संकायमा २०७६ देखि स्नातक कार्यक्रम चार वर्षको बनाइएको थियो । तर हिजोआज स्नातक तहमा भर्ना हुने विद्यार्थी घटिरहेको र भर्ना भएकाहरूले पनि बीचैमा पढाइ छाड्ने गरेको पाइएको प्राध्यापकहरू बताउँछन् ।

त्रिभुवन विश्वविद्यालय शिक्षा संकायका डीन प्रा.डा. चित्रबहादुर बुढाथोकीका अनुसार स्नातक तह दुई वर्षको हुँदा भर्ना भएका अधिकांश विद्यार्थीले पढाइ पूरा गर्थे । तीन वर्षको बनाएपछि करिब २५ प्रतिशत विद्यार्थीले बीचमै पढाइ छाड्थे । अहिले चार वर्षको बनाएपछि अन्तिम परीक्षा दिने विद्यार्थी ३० देखि ३२ प्रतिशत बाँकी रहने गरेका छन् ।

चारवर्षे स्नातकको नतिजा आउँदासम्म ६ वर्ष लाग्ने, स्नातक उत्तीर्ण भइसक्दा पनि जागिरको ग्यारेन्टी नहुने जस्ता कारणले भर्ना हुने र ड्रप आउट हुने विद्यार्थी बढिरहेको उनको भनाइ छ ।

'स्नातक तह पढ्नकै लागि ५/६ वर्ष लाग्ने भएपछि छोडिरहेका छन् । त्यसैले यो अलि व्यावहारिक भएन कि, देशलाई सुहाउँदो भएन कि भनेर छलफल हुनुपर्छ', बुढाथोकीले भने ।



चारवर्षे स्नातक कार्यक्रमले विद्यार्थीको समय धेरै खपत गरेको, अभिभावकलाई बोझिलो भएको व्यवस्थापन संकायका डीन प्रा.डा. डिल्लीराम शर्मा बताउँछन् । यही कारण वैदेशिक अध्ययनमा जाने विद्यार्थी बढेको हुनसक्ने उनको भनाइ छ । 'तीनवर्षे बनाएर मात्रै विद्यार्थी रोकिन्छ भन्ने होइन सबै कार्यक्रम चार वर्षकै चाहिन्छ त भनेर सोच्ने बेला चाहिं भएको छ ।'

चिकित्सा शिक्षा, विज्ञान, सूचनाप्रविधि, इन्जिनियरिङ लगायत प्राविधिक विषयको स्नातक चार वर्षको उचित भए पनि शिक्षा, मानविकी र व्यवस्थापन जस्ता विषय तीन वर्षको बनाउँदा पनि हुने उनको राय छ । यद्यपि यस विषयमा व्यापक छलफल हुनुपर्ने प्रा.डा. शर्मा बताउँछन् ।

शिक्षा शास्त्र संकायको स्नातक तह चार वर्षको बनाउँदा धेरै विषयवस्तुको ज्ञान हुने, विद्यार्थीको बुझाइ फराकिलो हुने, हरेक विषयको गहिरो ज्ञान हुने हुनाले राम्रा शिक्षक उत्पादन हुने तर्क गरिएको थियो ।

तर चारवर्षे स्नातकबाट उत्पादन भएका विद्यार्थी पनि शिक्षकको प्रतिस्पर्धात्मक परीक्षा, ज्ञान, सीप, शिक्षण दक्षतामा धेरै फरक नदेखिएको शर्माले बताए । 'तीनवर्षे र चारवर्षे कार्यक्रमले शिक्षण दक्षतामा पनि खासै फरक नदेखिंदा अव्यावहारिक, लामो र खर्चिलो मानेर विद्यार्थीले पढाइ पूरा नगरेको देखियो', उनले भने ।

डीन प्रा.डा. शर्माले चारवर्षे स्नातक कार्यक्रमको समीक्षा हुनुपर्ने बताए । 'हामीले चारवर्षे कोर्सबाट जुन प्रतिफलको अपेक्षा गरेका थियौं त्यो अनुरूप प्रतिफल आयो कि आएन समीक्षा गर्नुपर्ने बेला आयो', उनी भन्छन् ।

चार वर्षको स्नातक कार्यक्रमका लागि पाठ्यक्रम सुधार, प्रयोगात्मक विषय थप गर्नु उपयुक्त हुने उनको सुझाव छ ।

विदेशका कतिपय विश्वविद्यालयमा स्नातक तह तीन वर्षकै छ र स्नातकोत्तर तह एक वर्षको छ । ती विश्वविद्यालय पढेर आउने विद्यार्थीले त्रिविबाट समकक्षताको प्रमाणपत्र पनि पाइरहेका छन् ।

काठमाडौंविश्व विद्यालयको स्कुल अफ एजुकेशनका प्रा.डा. लक्ष्मण ज्ञवाली भने तीनवर्षेबाट चार वर्षे बनाउनु नै गलत भएको बताउँछन् । अमेरिका, बेलायत पढ्न जाँदा नेपाली विद्यार्थीले स्नातकमै थप एक वर्ष पढ्नुपर्ने भनेर यहाँ सबै विश्वविद्यालयका कार्यक्रम चार वर्षको बनाउनु गलत हुने उनको भनाइ छ ।

'यहाँबाट पढ्न जानेले त पढ्नु परेर केही बिग्रिँदैनथ्यो तर त्यहाँ जाने विद्यार्थीलाई हेरेर यहाँका विद्यार्थीमा एक वर्ष बोझ थप्न हुँदैनथ्यो', उनी भन्छन् ।

शिक्षा, मानविकी तथा सामाजिक विज्ञान विषयमा स्नातक तह चार वर्षको बनाउँदा विद्यार्थीमा बोझ हुने उनको भनाइ छ । 'हाम्रा विद्यार्थी तीन वर्षसम्म घरको सहयोगबाट दुःखसुख गरेर पढ्छन् त्यसपछि जागिर गर्छु भन्ने हुन्छ तर चार वर्ष त एकदमै टाढा भयो । विद्यार्थीको पढाइ खर्च बढाउने काम मात्रै गऱ्यो', उनले भने ।

विश्वविद्यालय अनुदान आयोगका प्रा.डा. देवराज अधिकारीले त्रिविले चारवर्षे कार्यक्रमलाई व्यवस्थित गर्न र समयमा नतिजा दिन नसकेका कारण प्रश्न उठेको हुनसक्ने बताए ।

**तीन वर्षेमै फर्किनु समाधान हो ?**

शिक्षा संकायका डीन डा. बुढाथोकी स्नातक तहलाई तीन वर्षमै झारेर परीक्षा प्रणाली पनि सुधार गर्ने हो भने धेरै विद्यार्थी विदेश जानबाट रोकिने दाबी गर्छन् । त्रिविको उत्तरपुस्तिका सम्बन्धित जिल्ला वा प्रदेशमा जाँच्न सकेमा परीक्षाको ६ महिनाभित्र नतिजा दिन सकिने उनको भनाइ छ ।

मानविकी संकायकी डीन प्रा.डा.कुसुम शाक्य भने चारवर्षे कार्यक्रम लागू भएको एक दशक पनि पूरा नहुँदै फेरि तीन वर्षमा झार्नुपर्छ भन्ने बहस उचित नरहेको बताउँछिन् । 'हुन त यसमा गम्भीर रूपले बहस नै त सुरु भएको होइन तर चारवर्षे बनाउँदा के कस्तो फरक देखियो भन्ने पनि थाहा छैन', उनले भनिन् ।

रत्न राज्य क्याम्पसका सहायक क्याम्पस प्रमुख रविन श्रेष्ठ विद्यार्थीको लामो समय खपत हुने र चारवर्षे कोर्समा आन्तरिक मूल्यांकनमा देखिएको समस्याले गर्दा शैक्षिक वर्ष घटाउने कुरा उठेको हुनसक्ने बताउँछन् । 'समस्या छ तर त्यसको समाधान चारवर्षेलाई तीनवर्षे बनाउँदा हुँदैन । अगाडि बढिसकेको कुरा फेरि फर्काउने भन्ने सही होइन', उनले भने ।

रत्न राज्यलक्ष्मी क्याम्पसमा स्नातक तह दोस्रो वर्षमा अध्ययनरत विद्यार्थी तारा चौलागाईं स्नातक तह तीनवर्षमा झार्दैमा समस्या समाधान नहुने बताउँछिन् । बरु त्रिविले समयमै परीक्षा सञ्चालन र नतिजा दिनुपर्ने उनले बताइन् । 'चार वर्षको कोर्स घटाएर तीन वर्ष बनाए पनि पढाइ सकिन पाँच वर्ष लाग्ने भए के मतलब भयो र ?' उनले प्रश्न गरिन् ।

**चारवर्षेलाई नै प्रभावकारी बनाउने हो : त्रिवि**

त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष डा. शिवलाल भुसालले भने स्नातक कार्यक्रमको विषयमा औपचारिक छलफल सुरु नभएको तर केही डीन र प्राध्यापकहरूले कुरा उठाएको बताए ।

'औपचारिक रूपमा छलफल सुरु भएको छैन । एक कार्यक्रममा प्रसंगवश कुरा उठेको हो । तर अब चारवर्षेलाई नै कसरी व्यवस्थित बनाउने भन्नेमा केन्द्रित हुन्छ त्रिवि' उनले भने । चार वर्षको स्नातकलाई नै प्रभावकारी बनाउने र सुधार्ने बारेमा काम गर्ने भुसालले बताए ।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पसका स्वविवु अध्यक्ष श्यामराज ओझा यो विषयमा विश्वविद्यालयको प्राज्ञिक परिषद्मा छलफल हुनुपर्ने बताउँछन् । 'बाहिर कुरा उठिरहेको छ तर कुनै औपचारिक रूपमा छलफल भएको छैन । अब यो विषयमा प्राज्ञिक परिषद्मा बहस हुनुपर्छ र निचोड निकाल्नुपर्छ', उनले भने ।

शिक्षा संकायका सहायक शिक्षक बाबुराम राई स्नातक तीन वर्षको हुँदा विद्यार्थीको विशिष्टीकरण एउटा विषयमा मात्र हुन्थ्यो । चार वर्षे कोर्समा दुई वटा विषयमा विशिष्टीकरण हुन्छ । चारवर्षे बीएड गरेको एउटा विद्यार्थीले दुई वटा विषय पढाउन पाउँछन् ।

त्यसैले यसलाई फेरि पुरानै अवस्थामा फर्काउने वा अहिलेकै चारवर्षेलाई प्रभावकारी बनाउने भन्ने विषयमा छलफल हुनुपर्ने बताए । 'चारवर्षे कार्यक्रम लागू गर्नुको उद्देश्य प्राप्ति भयो कि भएन, यो कार्यक्रम आजको आवश्यकता हो कि होइन भनेर मिहिनढंगले अध्ययन हुने बेला भयो', उनले भने ।

*(स्रोतः अनलाइनखबर)*

# केकीले 'बोक्सीको घर'लाई यस वर्ष हलमा ल्याउने

काठमाडौं/अभिनेत्री केकी अधिकारीको लागि २०८० साल व्यस्तताको वर्ष हुनेछ । किनभने यस वर्ष उनी फिल्म र टिभी कार्यक्रममा निर्मात्री र कलाकारको रुपमा व्यस्त हुँदैछिन् । यसै वर्ष केकीले आफ्नो होम प्रोडक्सन फिल्म 'बोक्सीको घर'लाई दर्शकमाझ ल्याउने भएकी छिन् ।



बोक्सी कुप्रथाविरुद्धको सन्देश दिने यो फिल्मलाई दशैं-तिहार पछि दर्शकमाझ ल्याउने उनको तयारी छ । त्यसअघि अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा यो फिल्मको विश्व प्रिमियर गर्ने योजना छ । 'फेस्टिभलपछि हलमा रिलिजबारे हामी गृहकार्यमा छौं,' अनलाइनखबर सँग केकीले भनिन्, 'सम्भवतः चाडपर्वपछि दर्शकले फिल्म हेर्न पाउनुहुन्छ ।'

केकीले निर्माण गरेको यो फिल्मलाई सुलक्षण भारतीले निर्देशन गरेका हुन् । फिल्ममा केकी र सुलक्षणको शीर्ष भूमिका समेत छ । हरर थ्रिलर शैलीमा प्रस्तुत गरिएको यो फिल्मले समाजको कुप्रथालाई चित्रण गर्ने केकीले बताइन् । फिल्मलाई शिवराम श्रेष्ठले फिल्म खिचेका हुन् ।

'बोक्सीको घर'बाहेक यस वर्ष केकी अभिनित फिल्महरु 'परदेशी २' र 'जय हो' प्रदर्शन हुँदैछन् । साथै, टिभी कार्यक्रम 'कमेडी च्याम्पियन'लाई पनि ल्याउने उनको तयारी छ । साथै, बर्सेनि एउटा फिल्म निर्माण गर्ने केकीको योजना छ । कोरोना महामारीको कारणले यो योजनामा धक्का लागे पनि उनी फिल्म लयमा फर्किएकाले उक्त सोचलाई मूर्त रुप दिने योजनामा छिन् ।

# 'रङ्गेली ग्याङस्टर'ले बनायो बलियो लाइनअप

काठमाडौं/फिल्म'रङ्गेली ग्याङस्टर'ले बलियो लाइनअप बनाएको छ । हालै मात्र यो फिल्ममा अभिनेताद्वय दयाहाङ राई र प्रविण खतिवडाले अभिनयको सम्झौता गरेका छन् । फिल्मको मुख्य भूमिकामा अनुबन्ध भएको पुष्टि कार्यकारी निर्माता जितेन्द्र खतिवडाले गरे ।

खतिवडाले दुवै कलाकारले प्रमुख भूमिका निभाउने बताए । यसघि अभिनेत्री मिरुना मगर र अभिनेता अर्पण थापा पनि यो फिल्ममा प्रमुख भूमिकामा प्रवेश गरेका थिए । अर्जुन सुवेदीको लेखन तथा निर्देशनमा फिल्म तयार हुनेछ ।



आगामी भदौ २० गतेबाट छायांकनमा निस्कन लागेको फिल्मका लागि बाँकी कलाकारहरु अडिसनबाट लिने तयारीमा निर्माण टिम छ । यसका लागि अडिसन आह्वान गरिएको छ । यही साउन २१ गते पूर्वाञ्चल इन्स्चिच्युट अफ फिल्म एन्ड टेलिभिजनमा फिल्मको अडिसन राखिएको छ । ग्याङस्टर कथावस्तुमा बन्न लागेको फिल्मको छायांकन पूर्वी मोरङको रङ्गेलीमा हुनेछ । यो फिल्मको कार्यकारी निर्मातामा अनोज जंग थापा पनि रहेका छन् ।

# 'जेलर' रिलिजपछि रजनीकान्त हिमालय क्षेत्रको यात्रामा निस्किने

काठमाडौं/दक्षिण भारतीय सुपरस्टार रजनीकान्त आगामी फिल्म 'जेलर'लाई चर्चामा छन् । अब यो फिल्मको दौडधुप सकेर उनी शान्ति खोज्दै हिमालयको आध्यात्मिक यात्रामा निस्किने भएका छन् । 'जेलर'सँग सम्बन्धित काम सकेपछि आगामी सातादेखि उनले पुनः आध्यात्मिक यात्रा सुरु गर्न लागेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

यी साउथ सुपरस्टारले धेरै वर्षदेखि आध्यात्मिक साधना गर्दै आएका छन् । जसका लागि एक फिल्मको काम पूरा गरे पनि उनी मानसिक शान्तिका लागि हिमालयतर्फ लाग्नेछन् । सन् २०१० मा उनले स्वास्थ्य सम्बन्धि चुनौतीको सामना गरेपछि उनले यो परम्परालाई केही समयका लागि विश्राम दिएका थिए ।

सन् २०१८ मा फिल्म 'काला' र '२.०' को काम पूरा गरेपछि सुपरस्टारले हिमालयमा आफ्नो आध्यात्मिक खोजलाई पुनः थालेका थिए । तर कोरोनाभाइरस महामारीको कारण उनको यात्रा दुई वर्ष रोकियो । अब 'जेलर'को सुटिङ सकिएसँगै रजनीकान्त फेरि हिमालयको सौन्दर्य र शान्त वातावरणमा डुब्न तयार छन् । यो खबर बाहिरिएसँगै के उनी नेपालको हिमालय क्षेत्रमा घुम्न आउलान् भन्ने चर्चा छ ।

'जेलर' नेल्सनद्वारा लिखित तथा निर्देशित एक्सनले भरिपूर्ण तमिल भाषाको फिल्म हो । सन पिक्चर्सको ब्यानरमा कलानिथि मारनले निर्माण गरेका हुन् । फिल्ममा ज्याकी श्राफ, शिव राजकुमार, सुनिल, तमन्ना भाटिया, राम्या कृष्णन, मिर्ना मेनन, योगी बाबु र विनायकनले अभिनय गरेका छन् । मोहनलाल विशेष अतिथिको भूमिकामा छन् । यो फिल्म अगस्ट १० मा रिलिज हुँदैछ ।

'जेलर'बाहेक रजनीकान्तसँग पाइपलाइनमा अर्को रोमाञ्चक स्पोर्ट्स ड्रामा फिल्म 'लाल सलाम' छ ।

# बाँदरले खाएको बालीनालीको अब क्षतिपूर्ति पाइने

काठमाडौं/देशभर मकै भित्र्याउने बेला बाँदरबाट बाली जोगाउन कृषकलाई हम्मेहम्मे परेको छ । बाँदरको यो आतंकबारे संसदमा समेत पटक-पटक आवाज उठिरहेको छ । यस्तै आतंकबाट पीडित कृषकका लागि भने अब केही राहत हुने भएको छ ।

सरकारले बाँदरका कारण बालीनालीमा पुगेको क्षतिपूर्ति दिने भएको छ । सरकारले वन्यजन्तुबाट हुने मानवीय तथा पशुपालकलाई दिइने राहत रकम विस्तार र वृद्धि गर्दै नयाँ निर्देशिका 'वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका २०८०' कार्यान्वयनमा ल्याएको हो ।

१ साउनदेखि कार्यान्वयनमा आएको यो निर्देशिकाअनुसार अब बाँदर र नीलगाईका कारण समेत बालीमा क्षति पुगे राहत दिने प्रावधान ल्याइएको छ । यसअघि १४ वटा जंगली जनावरका कारण मानवीय, संरचना तथा बालीमा क्षति भए राहत दिने प्रावधान रहेको थियो । अब यसलाई विस्तार गर्दै १६ वटा जनावर पुऱ्याइएको हो ।

बालीमा क्षति पुऱ्याउँदा क्षतिपूर्ति दाबी गर्न पाइने जनावरको संख्या यसअघि ५ वटा रहेकोमा अब ७ पुऱ्याइएको छ । यसपटक बाँदर र नीलगाई पनि त्यो सूचीमा थपिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप महानिर्देशक अजय कार्की देशैभर बाँदरका कारण बालीनालीमा क्षति पुग्दा कृषक पीडित बनेको गुनासोका आधारमा क्षतिपूर्ति हुने व्यवस्था गरिएको बताउँछन् ।

**बाँदरका कारण भएको कस्तो क्षतिमा पाइन्छ राहत ?**

बाँदरको आक्रमणबाट मानिस सामान्य घाइते, गम्भीर घाइते वा मृत्यु भएमा 'वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका २०८०'को प्रावधान अनुसार सबै क्षतिपूर्ति पाइनेछ । अर्थात् वन्यजन्तुको आक्रमणबाट सामान्य घाइतेलाई स्वास्थ्य संस्थाको सिफारिसमा बिल अनुसार २० हजार क्षतिपूर्ति दिइने भएको हो । गम्भीर घाइते भएमा २ लाख रुपैयाँसम्म रकम दिने र २ लाख रुपैयाँभन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा इमर्जेन्सी उपचार गराउँदा लागेको र त्यसपछि सरकारी अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च समेत अस्पतालका चिकित्सकको सिफारिसमा सरकारले उपलब्ध गराउने छ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# साउनमै आन्तरिक ऋण उठाउँदै सरकार

काठमाडौं/नेपाल सरकारले आन्तरिक ऋण उठाउन सुरु गरेको छ । सरकारको बैंकको रुपमा नेपाल राष्ट्र बैंकले १८ साउनमा १० अर्बको विकास ऋणपत्र बोलकबोल गर्ने भएको छ ।

६ वर्ष अवधिको विकास ऋणपत्र २०८६ 'छ' नाम दिइएको उक्त विकास ऋणपत्रको ब्याजदर बोलबबोलबाट तय हुनेछ । बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको 'कट अफ' ब्याजदरलाई एकल ब्याजदर कायम गरी हुने राष्ट्र बैंक्ले जनाएको छ । उक्त ब्याजदर र त्यसभन्दा तलका सबै बोलवालाहरुलाई सोही एकल ब्याजदरमा ऋणपत्र उपलब्ध हुनेछ । १८ गते बोलकबोल हुने ऋणपत्र १९ साउनमा निष्कासन हुने राष्ट्र बैंकले जनाएको छ ।

ऋणपत्रमा बैंक तथा वित्तीय संस्था, गैर–बैंक वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा नेपाली नागरिकले बोलकबोल पेश गर्न सक्नेछन् । ऋणपत्र धितो राखी कर्जा लिन/दिन पाइनेछ ।

ऋणपत्रको ब्याजदर अर्धवार्षिक रुपमा भुक्तानी हुनेछ भने र आर्जित ब्याजमा ब्याजकर लाग्नेछ ।

ऋणपत्र प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालाहरुलाई क्रमशः निष्काशित रकमको ८५ र १५ प्रतिशतले हुने ८ अर्ब ५० करोड र १ अर्ब ५० करोड रुपैयाँ छुट्याइएको छ । अप्रतिस्पर्धी बोलवालाहरुलाई छुट्याइएको र कमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाहरुलाई बिक्री गरिने राष्ट्र बैंकले जनाएको छ । अप्रतिस्पर्धी बोलवालाहरुलाई छुट्याइएको र कमभन्दा बढी रकमको बोल प्राप्त हुन आएमा बोलवालाहरुलाई समानुपातिक रुपमा उक्त ऋणपत्रको रकम बाँडफाँट हुनेछ ।






# १६औं राष्ट्रिय आवधिक योजनामा बालसंरक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ राष्ट्रिय बालसंरक्षण संजाल हिमाली नबीन समाज र 'फरगेट मि नट' को अयोजनामा आयोजित १६ औ राष्ट्रिय आवधिक योजनामा बालसंरक्षण सबालमा अर्न्तक्रिया राष्ट्रिय बालसंरक्षण संजालको अध्यक्ष प्रकाश खतिवडाको सभाध्यक्षता तथा राष्ट्रिय बालअधिकार परिषद्को उपाध्यक्ष बमबहादुर बानियाँको प्रमुख आतिथ्यतामा काठमाडौंको अल्फामा सम्पन्न भएको छ ।

कार्यक्रममा परिषद्को पूर्वकार्यकारी निर्देशक मिलनराज धरेलले कार्यपत्र प्रस्तुत गर्दै १५ औ आवधिक योजनामा समेटिएका बालसंरक्षण सबाल र प्रगति, नेपालमा देखिएको बालसंरक्षणका मुख्य सवाल, १६ औ योजनामा नयाँ सम्बोधन गर्न आवश्यक सवाल र सम्भावित कार्यक्रमको बारेमा प्रस्तुत गरेका थिए । पारिवारिक हेरचाह रणनीति आवश्यक रहेको र बालश्रम अन्त्यको लागि क्षेत्रगत अवधारणाको अवलम्बन आवश्यक रहेको बताए ।

राष्ट्रिय बालअधिकार परिषद्को उपाध्यक्ष बानियाँले बाल संरक्षणको सवालमा १६ औं योजनामा समेट्न पर्ने बिषयवस्तुमा आधारीत रही छलफल चलाई सरकारलाई सघाएकोमा राष्ट्रिय बालसंरक्षण संजाललाई धन्यवाद दिए । परिषद् सडक बालबालिकामुक्त राष्ट्र बनाउने अभियानमा क्रियाशील भएकोले सबैको समन्वय र सहकार्यको लागि आव्हान गरे । उनले बालबालिकासम्बन्धी ऐन बमोजिम बालसंरक्षण प्रणालीको सुदृढिकरणको लागि सरकारले बजेट बिनियोजन गर्न आबश्यक रहेको बताए ।

राष्ट्रिय बालसंरक्षण संजालको अध्यक्ष खतिवडाले १६ औं योजनमा बालसंरक्षणको सबाल नछुटोस् भन्नका लागि सरोकारवालाको बीचमा छलफल चलाइएको बताए । बालश्रम, बालसंरक्षण प्रणालीको सुदृढिकरण, बिपद्मा बालबालिका, बालबालिकाको पारिवारिक संरक्षण तथा स्याहारको अधिकारको सम्मान र संरक्षणको सवाललगायत बालबालिकाको संबेगात्मक विकास र सुरक्षित प्रारम्भिक बालापनको आधारको रुपमा रहेको प्रारम्भिक बालविकास कार्यक्रम सबै बालबालिकाको पहुँचमा पुग्ने सुनिश्चित हुनुपर्ने बताए ।

परिषदको सदस्य बिनिता खड्का श्रेष्ठले १५ औं योजनामा अपाङ्गताको बिषय छुट भएकोले अबको १६ औं योजनामा अपाङ्गताको क्षेत्रमा लगानी अभिबृद्धि आवश्यक रहेको बताइन् । बालहिंसाबिरुद्ध राष्ट्रिय कार्य समन्वय समितिको अध्यक्ष किरण थापाले सडकमा बालबालिका, बालयौनदुर्व्यबहार, बालबालिका लागूपदार्थ सेबनकर्ताको रुपमा बढिरहेका अबस्थामा बाल संरक्षणको सबाल जटिल बन्दै गइरहेको अबस्थामा १६ औं योजना बनाइरहँदा संबेदनशील हुन आबश्यक रहेको बताए ।

उनले यस्ता चुनौतीलाई सामना गर्न सामाजिक, निजी र सरकारबीचको समन्वय र सहकार्य आवश्यक रहेको बताए । लुनिभाको नरेन्द्र डंगोलले बालिकाहरु आफैं बालबिबाह गर्ने दर बढेको, सामाजिक संजालमा बालिका असुरक्षित, परिवारमा बालबालिकालाई असुरक्षा भएको अबस्थामा अब राज्यले यस क्षेत्रमा ध्यान दिनुपर्ने औल्याए । एटबिनको बेनुमाया गुरुङ्ले बालबालिकाको बेचबिखन, बैदेशिक रोजगारबाट बालबालिकामा परेको नकारात्मक प्रभाव, एचआइभी संक्रमित र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अवस्था बिश्लेषण गरी उनीहरुको अधिकार स्थापितको लागि १६ औं योजनामा समेटिन आवश्यक रहेको बताइन् ।

यसैगरी बिश्वास नेपालको अध्यक्ष तारा भण्डारीले मनोरन्जन क्षेत्रमा भएको भयाबह समस्याको बारेमा उजागर गर्दै मनोरन्जन क्षेत्रको बालश्रमको अन्त्यको लागि क्षेत्रगत अवधारणा अवलम्बन गर्न माग गरिन् । हिमाली नबीन समाजको धनबहादुर लामाले बालबालिका र बैकल्पिक हेरचाहको सबाल उठान गर्दै बालबालिका सम्बन्धी ऐन २०७५ मा उल्लेखित चार प्राकृतिक बैकल्पिक हेरचाहको ब्यवस्थाको कार्यान्वयन गर्न आग्रह गरे । उनले आवश्यकताको आधारमा स्थानीय पालिकामा अस्थायी बालगृह स्थापनाको ब्यवस्थापन मिलाउन आग्रह गरे ।

एनएससिजिको पूर्वअध्यक्ष रबिन नेपालीले बालगृहलाई ब्यवस्थापन गर्न नसकेको कारण आज होस्टेलमा बिकृति बढेको बताउँदै योजनाबद्ध तरिकाबाट कानुनअनुरुप बालगृहका बालबालिकाको ब्यबस्थापन गर्न आग्रह गरे । सरकारबाट लहडको रुपमा नभई घटना अध्ययन गरी बिकल्प दिएर मात्र बालगृहमा रहेका बालबालिकाको परिबार पुनर्मिलन गराउन आग्रह गरे ।

एनसिएफएलजि फोरमका अध्यक्ष अशोक खनालले विद्यालय र समुदाय बालमैत्री हुनुपर्ने र यसको लागि योजनामा समेट्न आवश्यक रहेको बताए । आसमान नेपालको दीपेद्र तिवारीले विद्यालय नगएका बालबालिकालाई खोजीखोजी जीबनउपयोगी शीप र आयमूलक शीपको ब्यवस्थापन गर्न आवश्यक रहेका औंल्याए । साईन टुगेदरको बीरेन्द्र शाहीले बालगृहबाट पारिवारिक पुनर्मिलनको खाका तयार गर्दै परिवारमा पुनर्मिलन भएका बालबालिकाको भबिश्य सुनिश्चितको योजना बन्नुपर्ने धारणा राखे । चाईल्ड नेपालको तोयानाथ तिवारीले सबै सेवाप्रदायक निकाय अपाङ्गमैत्री हुन आवश्यक रहेको बताए ।

स्वतन्त्रता अभियानकी सामना बरालले बालबेचबिखन, बालश्रम र बालयौनदुर्व्यबहारमा अबको १६ औं योजना केन्द्रित हुनुपर्ने धारणा राखिन् । युवा अधिकार कर्मी रकिप्रसाद शाहले बालसंरक्षणबिना बालअधिकार सुनिश्चित नहुने भएकोले यसलाई महत्व दिनुपर्ने बताए । एनसिपिएको महासचिवले ज्ञानभक्त महर्जनले कार्यक्रममा प्राप्त सुझाब राष्ट्रिय योजना आयोग, मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद् र एनएससिजिमा पेश गरिने बताए ।

# बागमतीमा मन्त्रालय फुटाउने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ गठबन्धन दलको नेतृत्वमा रहेको बागमती प्रदेश सरकारमा भागबण्डा पुऱ्याउन मन्त्रालय फुटाउने तयारी भइरहेको छ ।

मन्त्रालय भागबण्डा अनुसार नेपाली कांग्रेसबाट नियुक्त बिनाविभागीय मन्त्री रामकृष्ण चित्रकारलाई जिम्मेवारी दिन मन्त्रालय फुटाउने तयारी भइरहेको हो । बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको मन्त्रालय संख्या नबढाउने अडानले ७ महिना पनि टिक्ने नसक्ने देखिएको छ । जम्कट्टेल ११ वटाबाट मन्त्रालय संख्या बढाउन चाह्दैन थिए । राजेन्द्रप्रसाद पाण्डेको कार्यकालमा ८ वटाबाट १४ वटा पुगेको मन्त्रालय संख्यालाई जम्कट्टेलले कार्यदल बनाएर सुझावको आधारमा ११ वटामा झारेका थिए । कार्यदलले ९ वा ११ वटा मन्त्रालय उपयुक्त रहेको सुझाव सरकारलाई दिएको थियो । तर, ९ वटा मन्त्रालय बनाउँदा गठबन्धनमा भागबण्डा नपुग्ने भएपछि जम्कट्टेलले ११ वटामा सहमति जनाएका थिए ।

अहिले त्यही ११ वटा मन्त्रालय पनि अपुग बनेको छ । बागमती प्रदेशका बिनाविभागीय मन्त्री चित्रकारको जिम्मेवारीको छिनोफानो आज बिहीवार साउन १८ गते हुँदैछ । चित्रकारलाई जिम्मेवारी दिने सहमति सत्ता गठबन्धनका नेताहरुबीच भएको छ । जसअनुसार प्रदेशमा अब १२ वटा मन्त्रालय हुनेछन् । गत आइतबार बसेको मन्त्रिपरिषद् बैठकमा भएको अनौपचारिक छलफलमा मुख्यमन्त्री जम्कट्टेलले १८ गते बिहीबार जिम्मेवारी तोक्ने जनाएको स्रोतले जानकारी दिएको छ ।

बिनाविभागीय मन्त्रीको जिम्मेवारी तोक्ने विषयमा प्रदेशमा कायम रहेको मन्त्रालय विभाजनका विषयमा सत्ता गठबन्धनबीच दलीय सहमति जुट्न सकेको छैन । सहमति जुटाउन काठमाडौँमा सत्ता गठबन्धनको बैठक बस्ने तय भएको हो । बैठक कहाँ र कति बजे बस्ने भन्ने विषयमा जानकारी गराइएको छैन । प्रदेशबाट टुंग्याउनुपर्ने यो समस्या प्रदेशस्तरबाट समाधान हुन सक्ने अवस्था नरहेकाले काठमाडौंमा बैठक राखिएको हो । यसअघि मन्त्रालय भागबण्डा लगाउँदा पनि काठमाडौंमा पटक-पटक बैठक बसेको थियो ।

एक मन्त्रीका अनुसार साउन १८ गते बिनाविभागीय मन्त्रीले जिम्मेवारी पाउने गरी तयारी भइरहेको हो । चित्रकारलाई जिम्मेवारी दिने गरी १८ गते छलफल गर्ने सत्ता गठबन्धनका दलहरुबीच सहमति बनेको थियो । चित्रकारलाई पछि विभाग तोकिने गरी जेठ ७ मा मन्त्री नियुक्त गरिएको थियो । जिम्मेवारी नतोकिएकै कारण मन्त्री नियुक्त भएदेखि हालसम्म उनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बस्दै आएका छन् ।

बागमती प्रदेश सरकारको ६ वर्षे इतिहासमा यति लामो समयसम्म बिनाविभागीय मन्त्री बनेको पहिलो घटना हो । प्रदेशप्रमुख यादवचन्द्र शर्माबाट ७ जेठ २०८० मा बिनाविभागीय मन्त्रीको शपथ लिएका चित्रकारले मन्त्रालयको जिम्मेवारी त टाढाको कुरा बस्ने क्वाटरसमेत पाएका छैनन् । दुई महिनासम्म होटलमा बसेका उनले भर्खरै हेटौंडामा एउटा कोठा भाडा लिएको साझाकुरालाई जानकारी दिए । चित्रकार प्रदेशसभा निर्वाचनमा विजयी भएपश्चात मुख्यमन्त्रीको दाबेदार थिए । ललितपुर प्रदेशसभा क्षेत्र नम्बर २ (ख) मा ६ हजार ९ सय ९५ मतसहित निर्वाचित भएका उनलाई मन्त्रीको सथप खाए पनि मन्त्रालयका लागि भने संघर्ष गर्नुपरेको छ ।

कांग्रेसको आँखा माओवादी केन्द्रका युवराज दुलालले सम्हालिरहेको भौतिक पूर्वाधार विकास मन्त्रालयमा परेको छ । प्रदेशको सबैभन्दा ठूलो बजेट हिस्सा ओगटेको भौतिक मन्त्रालय फुटाएर चित्रकारलाई जिम्मेवारी दिनुपर्ने माग कांग्रेसले राखेको हो । तर, मुख्यमन्त्री जम्कट्टेल भने भौतिक मन्त्रालय फुटाउने पक्षमा नदेखिएपछि कांग्रेसको अडान धरमरमा छ । भौतिक मन्त्रालय फुटाएर सहरी विकास तथा भवन हेर्ने गरी छुट्टै मन्त्रालय बनाउनुपर्ने प्रस्ताव कांग्रेसले राखेको हो । चालू आर्थिक वर्ष २०८०/८१ का लागि सहरी विकास तथा भवनको शीर्षकमा छुट्टै बजेट बिनियोजन भएको छ । बजेटलाई मन्त्रालय विभाजनसँग हेरिएको छ । तर, माओवादीभित्रकै दबाबले यो कार्य रोकिन पुगेको हो ।

# बागमतीमा 'लम्पी स्किन' नियन्त्रण गर्न अभियान चलाईंदै



साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ बागमती प्रदेश सरकारले लम्पी स्किन रोग नियन्त्रणका लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन गर्ने भएको छ । प्रदेशमा लम्पी स्किन रोगको बढ्दो संक्रमण दर र पशु मृत्युदर न्यूनीकरणका लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले सप्ताहव्यापी खोप अभियान सुरु गर्ने तयारी गरेको हो ।

मन्त्रालयले साउन २५ गतेदेखि ३१ गतेसम्म प्रदेशको १३ जिल्लामा एकैपटक खोप अभियान सञ्चालन गर्ने तयारी गरेको छ । खोप अभियान अन्तर्गत प्रदेशका करिव ४० हजार गाई भैंसीमा लम्पी स्किन रोगविरुद्धको खोप लगाउने मन्त्रालयको लक्ष्य छ । मन्त्रालयले गत साउन १० गते मन्त्रीस्तरीय बैठकबाट 'लम्पी स्किन रोग नियन्त्रण तथा रोकथामको लागि सप्ताहव्यापी खोप अभियान सञ्चालन, २०८०' कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

बागमती प्रदेशका १३ जिल्लामा रोगको संक्रमण फैलिन नदिन र संक्रमणको जोखिम नियन्त्रण गर्न खोप अभियानको तयारी गरिएको मन्त्रालयकी पशु चिकित्सक डा. सृजा वाग्लेले जानकारी दिइन् । उनका अनुसार रोगको संक्रमणको जोखिम तथा संक्रमणबाट हुने सम्भावित क्षति न्यूनीकरण गर्न खोप अभियान सञ्चालनमा मन्त्रालयले जोड दिएको हो । लम्पी स्किन रोगको ठोस उपचार नभएकाले रोग नियन्त्रणका लागि खोप अभियान महत्त्वपूर्ण कदम हुने उनले बताइन् । अभियान मन्त्रालयअन्तर्गत रहेका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रमार्फत सञ्चालन गरिने र दैनिक रुपमा खोप लगाइएका पशुहरुको तथ्याङ्क संकलन गरी सार्वजनिकसमेत गरिने उनको भनाइ छ ।

तीव्र गतिमा फैलिरहेको लम्पी स्किन रोगबाट आर्थिक, सामाजिक क्षेत्रमा सिर्जना भएका नकारात्मक असर नियन्त्रणका लागि मन्त्रालयले प्राथमिकताका साथ प्रतिकार्यका लागि खोप अभियान सञ्चालन गर्न लागेको उनले बताइन् । गाईभैंसीमा लाग्ने संक्रामक विषाणुजन्य लम्पी स्किन रोगको संक्रमणका कारण दुध उत्पादन र पशुको उत्पादकत्वमा उल्लेख्य ह्रास आउने र कृषकहरुले ठूलो आर्थिक क्षतिको सामना गर्नु परेको वाग्लेले बताइन् । लम्पी स्किन रोग झिँगा, लामखुट्टे, कीर्ना जस्ता कीराको टोकाईबाट सर्ने रोगका कारण गाईभैंसीमा अत्यधिक ज्वरो आउने, दानापानी नखाने, छालामा गिर्खा आउने लगायत लक्षण देखापर्ने उनको भनाइ छ ।

खोप अभियान सञ्चालनका लागि मन्त्रालयले तालिका नै बनाएर काम गरिरहेको डा. वाग्लेले बताइन् । मन्त्रालयले खोप अभियान सञ्चालनका लागि भ्याक्सिनेटर नियुक्तिको लागि ७ दिने सूचना प्रकाशन गरी सम्बन्धित स्थानीय तहको समन्वयमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रले साउन २० गतेभित्र भ्याक्सिनेटर छनोट तथा नियुक्ति गरिसक्ने कार्यतालिका बनाएको छ । साउन २५ गते मन्त्रालयले रोगविरुद्ध खोप अभियानको औपचारिक उदघाटन गर्ने र यो कार्यलाई ३१ गतेसम्म निरन्तरता दिइने छ ।

# निर्माण व्यवसायीले पाउने रकम तत्काल उपलब्ध होस्: सांसद बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ राज्यले भुक्तानी रोक्ने समस्या भएपछि आन्दोलित बनेका निर्माण व्यवसायीको पक्षमा सांसद महेशकुमार बर्तौलाले सरकारको ध्यानाकर्षण गराएका छन् ।

निर्माण व्यवसायी संघ मकवानपुर विगत १० दिनदेखि जिल्लामा आन्दोलनरत् छन् । देशभरका निर्माण व्यवसायीहरु राज्यले नै भुक्तानी रकम रोकेको भन्दै आन्दोलनमा छन् । मकवानपुर क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य बर्तौलाले निर्माण व्यवसायीको रकम तत्काल उपलब्ध गराउनुपर्ने भन्दै सामाजिक सञ्जाल मार्फत् सरकारको ध्यानाकर्षण गराएका हुन् ।

'यतिबेला निर्माण व्यवसायी आन्दोलनमा छन् । केही न्यायोचित मागसहित । निर्माण व्यवसायीहरु माथि सरकारले आर्थिक अपराध गरिरहेको छ । सरकारले सार्वजनिक निर्माण कार्यबापतको अर्बौं रकम निर्माण व्यावसायीलाई भुक्तानी गर्न बाँकी छ । जसका कारण समग्र सार्वजनिक निर्माण कार्य प्रभावित भइरहेको छ ।', बर्तौलाले भनेका छन् ।

निर्माण व्यवसायी राज्यवाट पाउनुपर्ने अर्बौं रकम समयमै नपाएकै कारण मोबाइल बन्द गरेर, घर छोडेर भाग्नुपर्ने, बेखवर हुनुपर्ने बाध्यात्मक अवस्थामा पुगेको उनले बताए । 'अपराध सरकारले गर्ने सजाय निर्माण व्यवसायीले पाउने जस्तो भएको छ, यो उचित होइन । यस्तो हुनुहुँदैन ।', बर्तौलाले भने ।

कतिपय स्थानमा मुआब्जा वितरण, जंगल कटान समस्या, स्थानीय अवरोधलगायतका कारणले पनि कयौं आयोजना सुचारु हुन नसकेको भन्दै बर्तौलाले सरकारको ध्यानाकर्षण गराएका छन् । यसको पनि प्रभावकारी समन्वय, सहजीकरण र निकास सरकारले नै दिनुपर्ने उनको भनाई छ ।

अति संवेदनशील राष्ट्रिय सरोकारको विषयमा समेत सरकार जिम्मेवार बन्न नसक्नु मुलुककै लागि दुर्भाग्य भएको उनले बताए । राजस्व परिचालन र अर्थतन्त्रमा गम्भीर धक्का पुगिरहेको समयमा सरकार कुम्भकर्ण निन्द्रामा मस्त रहेको बर्तौलाले आरोप लगाए । कतिपय निर्माण व्यवसायी केही राजनीतिक नेतृत्वसँगको उठबस, पहुँच र सम्बन्धका कारण कारवाही हुनबाट बचिरहने अबस्था रहेको पनि उनले औंल्याएका छन् ।

पटक-पटक म्याद थप्दासमेत बर्सौंसम्म ठेक्का सम्झौता अनुसार काम नगर्ने, कामलाई अलपत्र पार्ने, ढिलासुस्ती गर्ने, गुणस्तरहीन काम गरेर संरचना कमजोर बनाउने, राज्यलाई हानी पुऱ्याउने निर्माण व्यावसायी माथि भने सरकारले कानुन अनुसार कारबाहीको दायरामा ल्याउनु पर्ने उनले बताए ।

# बागमतीमा १५ दिनभित्र ६ सयलाई देखियो डेंगू

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ बागमती प्रदेशमा १५ दिन ६०० जनामा डेंगू संक्रमण पुष्टि भएको छ । प्रदेशमा साउन १ गतेदेखि १५ गतेसम्ममा यो संख्यामा डेंगू संक्रमण पुष्टि भएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार, प्रदेशका ८ जिल्लामा संक्रमितको संख्या बढेको हो । तीमध्ये सबैभन्दा धेरै धादिङमा डेंगू संक्रमितको संख्या बढेको हो । त्यहाँ ४३८ जनामा डेंगू संक्रमण पुष्टि भएको हो । यसैगरी, काठमाडौंमा १२२, भक्तपुरमा ८, ललितपुर र मकवानपुरमा ९/९, नुवाकोटमा ५, चितवनमा ८ र सिन्धुपाल्चोकमा एक जनालाई डेंगू सङक्रमण भएको मन्त्रालयले जनाएको छ ।

देशभरसहित यस प्रदेशमा पनि डेंगू सङक्रमणको दर बढेको छ । साउन दोस्रो सातासम्मै सङक्रमणको दर बढ्नु चिन्ताको विषय भएको मन्त्रालयका सूचना अधिकारी डा. रविन भुसालले जानकारी दिए । उनले हरेक वर्ष झैं यसवर्ष पनि भदौ, असोज र कात्तिक महिनामा सङक्रमण दर बढ्ने सक्ने बताए । उनका अनुसार प्रदेशमा गत पुस १७ देखि साउन १५ सम्म ९८० जनामा डेंगू सङक्रमण पुष्टि भएको छ ।

पछिल्लो तथ्याङ्कले गत वर्ष झैं यो वर्ष पनि बागमतीमा डेगु रोग सङक्रमणको उच्चजोखिम देखिएको छ । साउन दोस्रो हप्तासम्म आइपुग्दा डेगु सङक्रमण भएका बिरामीको संख्याले पनि स्रोतमै रोकथाम र नियन्त्रणका उपाय नअपनाइए महामारीको रुप लिने देखिएको हो । स्वास्थ्य मन्त्रालयका अनुसार सन् २०१९ मा चार हजार ५४ जना, २०२० मा ८६, २०२१ मा १२८ जनामा र सन् २०२२ को जुलाईदेखि २०२३ को जुनसम्म यस प्रदेशमा ४२ हजार ७१४ जनामा डेंगु रोग सङक्रमण भएको छ ।

लामखुट्टेको टोकाइबाट हुने डेंगु रोग सङक्रमण रोक्न प्रदेशभर 'लार्भा खोज र नष्ट गर' अभियान सुरु गरिएको छ । मन्त्रालयका अनुसार सचेतना जगाउनेसँगै स्थानीय तहसँग समन्वय गरी 'लार्भा खोज र नष्ट गर' अभियान सञ्चालन गरिएको हो। वर्षामा पानी जम्ने स्थानमा सरसफाइ गर्ने तथा लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान चलाइएको हो ।

चालु आवमा डेंगुलगायतका महामारीजन्य रोग नियन्त्रण र रोकथाम गर्न तीन करोड १२ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको सूचना अधिकारी डा. रविन भुसालले जानकारी दिए । गत आवमा महामारीजन्य रोग नियन्त्रणका लागि एक करोड १४ लाख ३० हजार बजेट विनियोजन भएकोमा ९३ लाख रुपैयाँ खर्च भएको मन्त्रालयले जनाएको छ ।

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !
(उत्तराखण्ड चारधाम)
बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।
**दर्शनीय स्थानहरु** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।
भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-
गोपाल थापा, हेटौंडा बसपार्क
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

" गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता "
2080-2081 ADMISSION OPEN
भर्ना खुल्यो ! भर्ना खुल्यो !!
शैक्षिक सत्र २०८०/८१ कालागी निम्न विषयहरुमा कक्षा ११ मा भर्ना खुल्यो
शिक्षा | कम्प्युटर साइन्स | कानुन | व्यवस्थापन | मानविकी
इलेक्ट्रिकल इन्जिनियरीङ (CTEVT ३ वर्षे डिप्लोमा)
साथै यसै शैक्षिक सत्रबाट नयाँ विषय
शिक्षा विज्ञान (Education Science)
यातायातको सुविधा भएको
• विशेषताहरु
दक्ष एवम् अनुभवी प्राध्यापकहरु,
पर्याप्त पुस्तकालयको व्यवस्था,
प्रयोगात्मक कक्षाको व्यवस्था,
गरीब, जेहेन्दार तथा असहायकालागी छात्रवृत्ति,
अतिरिक्त क्रियाकलापको व्यवस्था,
पर्याप्त भौतिक सेवा सुविधा,
➤ भर्ना फारम वितरण भइरहेकोले इच्छुक विद्यार्थीहरुले विद्यालयमा सम्पर्क गर्नु होला ।
श्री निर्मल माध्यमिक विद्यालय
हेटौंडा -१९ बस्तीपुर
सम्पर्क: ९८५५०३०८८७, ९८५५०६७७९९, ९८४५०७१७८८, ९८४५०७१६५८

Golden Opportunity For SEE Graduates To Become Skilled Technical Manpower
शैक्षिक सत्र २०८० को नयाँ भर्ना खुल्यो !
Civil & Geomatics 3-Year Diploma Engineering Course
उत्कृष्ट नतिजाको लागि वंशगोपाल मावि, चौघडा
हेटौंडा बजारबाट ६ किमि पूर्व
दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी रोजगारी सुनिश्चितताका लागि प्राविधिक शिक्षा नै वर्तमानको आवश्यकता
सिभिल र जियोम्याटिक्स ईन्जिनियरिङ्का लागि :
फाराम बुझाउने अन्तिम : २०८०।०४।१२ गतेसम्म
प्रवेश परीक्षा : २०८०।०४।२४ गते बिहान ८:00 बजे
कक्षा ११ मा अंग्रेजी र नेपाली माध्यममा विषय समूहहरु :
Science Group
Management Group
Education Group
Humanities Group
सम्पर्क :
9845164997 / 9845029444 / 9845490602
98455988707 / 9845781156
श्री वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)
चौघडा, हेटौंडा-५, मकवानपुर, बागमती प्रदेश

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना